११. बाटो म्याद: महान्यायाधिवक्ताले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफनो कार्यालयमा हाजिर हुन आउँदा वर्षको एकपटक पैदलको बाटोलाई आठ कोसको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ। तर घर बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटो म्याद दिइने छैन। बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र आउँदा जाँदा वास्तविक लागेको दिन–भन्दा बढी दिइने छैन।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप-दफा (१) र (२) र दफा ५ को उप–दफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको जिल्लाका लागि देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरू भएको तीन विशेष अदालत गठन गर्ने गरी यो आदेश जारी गरेको छ।

देहाय

१ रूपन्देही जिल्लाको लागि

(१) का. मु. अञ्चल न्यायाधीश श्री केदारप्रसाद शर्मा– – –अध्यक्ष
(२) प्रमुख जिल्ला अधिकारी श्री स्थानेश्वरप्रसाद कोइराला– –सदस्य
(३) का मु भूमि प्रशासक श्री खेमराज शाही– – – –सदस्य

२. नवलपरासी जिल्लाको लागि

(१) का. मु. अञ्चल न्यायाधीश श्री केदारप्रसाद शर्मा– – –अध्यक्ष
(२) प्रमुख जिल्ला अधिकारी श्री ताराप्रसाद शर्मा– – –सदस्य
(३) का मु. भूमि प्रशासक श्री वासुदेव शर्मा घिमिरे– – – –सदस्य

३ कपिलवस्तू जिल्लाको लागि

(१) का. मु. अञ्चल न्यायाधीश श्री केदारप्रसाद शर्मा– – –अध्यक्ष
(२) प्रमुख जिल्ला अधिकारी श्री रामेश्वरप्रसाद प्रधान– – –सदस्य
(३) भूमि प्रशासक श्री विजय रेग्मी– – – – –सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

१. उखडासम्बन्धी ऐन, २०२१ बमोजिम सर्वोच्च अदालत र क्षेत्रीय अदालतमा दायर भै छिन्न बाँकी रहेका मुद्दा मामिला बाहेकका लुम्बिनी अञ्चल अन्तर्गत रूपन्देही, नवलपरासी तथा कपिलवस्तू जिल्ला अदालतहरू र अन्य कार्यालयमा दायर भै किनारा हुन बाँकी मुद्दा मामिलाहरू उक्त अदालतहरू र कार्यालयहरूबाट झिकी कारवाई र किनारा गर्ने र अब दायर हुने यसैसम्बन्धी मुद्दाहरूसमेत तत् तत् जिल्लाहरूको लागि यस विशेष अदालतलाई तोकी सुम्पिएको छ ।

२. उक्त विशेष अदालतको अवधि सम्बन्धी जिल्लामा गै कार्य प्रारम्भ गरेको मितिले ६ महीनाको हुने गरी सम्बन्धित जिल्लाको जुनसुकै ठाउँमा पनि मुकाम कायम गर्ने गरी तोकिएको छ ।

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।